# करैयामाई गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०७९/१०/०५

भाग - १


# करैयामाई गाउँपालिका

# शिक्षा ऐन (पहिलो संशोधन), २०७६

# करैयामाई गाउँपालिका
# शिक्षा ऐन (पहिलो संशोधन), २०७६

<u>**गाउँ सभाबाट पारित मितिः २०७९/०९/३०**</u>

करैयामाई गाउँ शिक्षा ऐन, २०७६, संघीय शिक्षा ऐन २०२८ (संशोधन सहित) सँग बाझिने गरि भएकोले यसलाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२२ अनुसार गठित करैयामाई गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ र स्थानीय सरकार संचालन  २०७४ को दफा १०२(१) बमोजिम करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ को पहिलो संशोधन गरिएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यो ऐनको नाम "शिक्षा (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

२. <u>**शिक्षा ऐन, २०७६ को दफा २० को उप दफा १ र २ मा संशोधनः**</u> शिक्षा ऐन. २०७६ (यसपछी मूल ऐन भनिएको) को दफा २० को उपदफा १ को "क देखि छ" सम्म र २ को सट्टा देहाएको ऐन राखिएको छ :-

(क) अभिभावकहरु मध्येबाट छानी आएका दुईजना महिला सहित        ४ जना सदस्य

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा विद्यालय नजिकका कार्यपालिका सदस्य वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको १ जना सदस्य

(ग) विद्यालयको संस्थापक, शिक्षा प्रेमी, स्थानीय बुद्धिजीवि तथा दाता मध्येबाट खण्ड "क" र "ख" का सदस्यले मनोनयन गरेको एकजना महिला सहित -   २ जना सदस्य

(घ) शिक्षकहरु मध्येबाट शिक्षकको बैठकबाट छानी पठाएको शिक्षक -   १ जना सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -   १ सदस्य सचिव

(२) प्राविधिक तथा व्यवशायिक विषयमा अध्यापन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरका उद्योग बाणिज्य संघका- दुई जना सदस्य

(२. क) सम्बन्धित विद्यालयको विद्यार्थीहरु मध्येबाट एक जना छात्रा सहित दुई जना विद्यार्थी आमन्त्रित सदस्य

(२, ख) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को 'क' 'ख' र 'ग' बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(२,ग) उपदफा (२,ख) बमोजिम समितिको अध्यक्ष छनौट हुन नसकेमा सम्बन्धित विद्यालयले सातै जनालाई अध्यक्षको मनोनयनको लागि गाउँ शिक्षा समितिमा सात दिन भित्र लेखि पठाउनेछ।

(२,घ) उपदफा (२,ग) बमोजिम लेखि आएमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको मनोनयन गर्नेछ ।

३. **<u>शिक्षा ऐन, २०७६ को दफा २१ "क" थप :</u>**

२१(ख) शिक्षक अभिभावक संघ सम्बन्धि व्यवस्थाः

(१) सामुदायिक विद्यालयका शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक-अभिभावक संघ रहनेछ ,

(२) विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिका अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावाकहरु समेत रहने गरि सात देखि एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन हुनेछ ,

(३) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यहरुको पदावधि तिन बर्षको हुनेछ।

**<u>प्रमाणित गर्ने</u>**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०७९/०९/३०

प्रमाणित कानुन पाना(पेज) संख्याः २(दुई)

**<u>आज्ञाले</u>**

वीरेन्द्र महतो

नि.प्रमुख प्रशासकीय अधिकृत